




# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily








❑ वर्ष २२ ❑ अङ्क १९७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन १५ गते शुक्रबार ❑ 30 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-


## पोखराका दुई ठुला सामुदायिक अस्पतालमा कोरोनाका बिरामी भरिए

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ साउन**

पोखराका दुई वटा सामुदायिक अस्पतालमा पुनः कोरोनाका बिरामी भरिएका छन् ।

कोरोना संक्रमण बढ्दै गएकाले गण्डकी प्रदेशको राजधानी पोखरामा प्रदेश र संघीय सरकारद्वारा सञ्चालनमा रहेका दुई वटा अस्पतालमा कोरोनाका बिरामी भरिएको अस्पतालहरुले जनाएका छन् ।

प्रदेश संक्रामक तथा सरुवा रोग अस्पताल (पोखरा-३० मोहोरिया) मा हाल ५० बेड अस्पतालमा ४६ जना कोरोनका बिरामी छन् भने संघीय सरकारको मातहातमा रहेको प्रदेशकै ठूलो सामुदायिक अस्पताल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रीय अस्पताल) मा हाल ७३ जना कोरोनाका बिरामीहरु भर्ना भएको अस्पताल श्रोतले जनाएको छ ।

विगत एक साता देखि पोखरामा कोरोना शंक्रमण दर ह्वात्तै बढ्दै गएको प्रतिष्ठान अन्तर्गत कोभिड फोकल पर्सन डा. शरदचन्द्र बरालले बताए । करिब ८० बेड क्षमता रहेको अस्पतालमा हाल करिब २० जना गम्भिर प्रकारका कोरोनाका बिरामीहरु भएको उनले बताए । पछिल्लो समयमा बजारमा केही सहज भएसंगै कोरोनाको स्वास्थ्य मापदण्ड पालना नगर्दा कोरोना संक्रमण फैलिएको फोकल पर्सन डा.बरालले जनाए । अस्पतालमा हाल नियमित ओपीडीका बिरामी दैनिकजसो करिब ५ सय जनाको समेत रेखदेख हुदै आएको उनले जनाए ।

कास्की सहित प्रदेशका ११ जिल्लाको साथमा छिमेकी जिल्लाबाट समेत पोखरामा कोरोनाका बिरामी आउन थालेकोले बिरामीलाई व्यवस्थापन गर्न पुनः कठिन हुन थालेको प्रदेश संक्रामक तथा सरुवा रोग अस्पताल पोखराका प्रमुख डा. विकास गौचनले बताए । उनले भने "स्रोत भर्ना संघीय सरकारले समयमै नपठाएका कारण हामीले पाउनु पर्ने करिब ४ करोड २८ लाख रुपैया अझै प्राप्त गर्न सकेका छैनौं ।" ४ करोड ९२ लाखको श्रोत भर्ना भए पनि हालसम्म ६४ लाख १३ हजार रुपैया प्राप्त भएको प्रमुख डा. गौचनले जनाए । कोरोनाका बिरामी बढेका वेला मासिक करिब ९ लाख मुल्य बराबरको अक्सिजन ग्याँस खपत हुने उनले गुनासो गरे । विद्युत, पानी, इन्टरनेट लगायतका सेवा नियमित हुनु पर्ने गौचनले बताए ।

उनका अनुसार पछिल्ला दिनमा प्रदेशमा दैनिक जसो कोरोनाले गर्दा ८/९ जनाको मृत्यु भएको छ । बुधबार प्रदेशमा कोरोनाले ८ जनाको मृत्यु भएको थियो भने विहिबार ९ जनाको मृत्यु भएको छ । पछिल्लो २४ घण्टामा कास्कीमा १ सय ६८ जना सहित प्रदेशका अन्य जिल्लामा गरी ४ सय २७ जनामा कोरोना संक्रमण देखा परेको गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालयले जनाएको छ । प्रदेशमा हालसम्म कोरोनाबाट १ हजार ८३ जना कोरोनाबाट मृत्यु भएको छ भने हालसम्म ६६ हजार ७ सय १६ जना कोरोना शंक्रमण देखा परेको छ । कास्कीमा हालसम्म ४ सय ५६ जनाको कोरोनाबाट मृत्यु भएको छ ।

## जनताको भावना अनुसार काम गर्न अर्थमन्त्री बराललाई आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ साउन**

पोखरा २५ स्थित हेमजाबासीले जनताको भावना अनुसार काम गर्न गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनलाई आग्रह गरेका छन् ।



विहिबार हेमजामा आयोजित बधाई ज्ञापन कार्यक्रममा मन्त्री बराललाई फुलमाला र खादाले बधाई ज्ञापन गर्दै हेमजाबासीले जनताको भावना र जनताको प्रथामिकताको आधारमा काम गर्न आग्रह गरेका हुन् ।

कार्यक्रममा बोल्दै अर्थमन्त्री बरालले हाल आफु प्रदेशको मन्त्री भएकोमा प्रदेशका जनताको आवश्यकता र प्रथामिकताको आधारमा र चुनावमा जनता सामु गरेका वाचा पुरा गर्न पहल गर्ने बताए। बहुमत हिस्सालाई बाम गठबन्दन र एकता होस भन्ने चहाना भएको मन्त्री बरालको भनाई छ । उनले भने "म के विश्वास दिलाउन चहान्छु भने, अथवा म के कुरामा विसोस्त छु भने नेपालमा एउटै कम्यूनिष्ट पार्टी बन्द त्यो दिशा तर्फ हेमजाबासीले एउटा सन्देस दिनु भएको छ ।" निर्वाचनका वेला, निर्वाचन पश्चात र हाल पनि कम्यूनिष्टहरु एक हुनु पर्छ भन्ने हेमजाबासीको सन्देसले आफुहरुलाई पनि बाम एकता हुनुपर्ने पक्षमा रहेको उनले बताए । मन्त्री बरालले भने "राजनीतिक हिसावले केही दरार भए पनि हेमजाबासीका कम्यूनिष्टमा सधै कम्युनिष्टहरु एक हुनु पर्छ भन्ने एकताको सन्देस दिइनै राख्नु भएको छ, एकता हार्दिकता, आत्मियताले हामीलाई थप बल पुगेको छ।" पोखरा महानगरपालिका वडा नम्बर २५ का वडा अध्यक्ष शोभाखर तिमिल्सिनाले नेपालका कम्यूनिष्टहरु एक हुनु पर्ने बताए । पोखरा महानगरपालिकाले आफ्नो वडालाई सौतनी व्यवहार गरेर माग गरेको बजेटमा न्यूनतम बजेट विनियोजन गरेको उनले गुनासो गरे ।

नेपाल कम्यूनिष्ट पार्टी पोखरा २५ हेमजा कमिटिको संयोजनमा भएको बधाई ज्ञापन कार्यक्रममा स्थानिय आमा समुह, युवा क्लव तथा विभिन्न संघ संस्था र विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुको समेत सहभागिता रहेको नेपाल कम्यूनिष्ट पार्टीका नेता माधवशरण पौडेलले बताए । हेमजा लाम्पाटा, हेमजा सुइखेत खोला नियन्त्रण समिति, याम्दीका आमा समुह लगायतले स्थानिय रुपमा रहेको समस्या समधान गर्न मन्त्री समक्ष आग्रह समेत गरेका छन् ।

## एमाले सङ्गठित भएर अघि बढ्छ - निवर्तमान मुख्यमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ साउन**

गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री एवं नेकपा (एमाले) प्रदेश इञ्चार्ज पृथ्वीसुब्बा गुरुङले निकट भविष्यमै पार्टी सङ्गठित भएर अघि बढ्ने बताउनुभएको छ ।



मदन भण्डारी फाउण्डेशन कास्कीद्वारा आज पोखरामा आयोजित 'पार्टीभित्रको समस्या समाधानमा सञ्चारकर्मीको भूमिका' विषयक अन्तर्क्रिया कार्यक्रममा उहाँले आगामी एक-दुई दिनभित्रै पार्टी एकीकरणको टुङ्गो लाग्ने विश्वास व्यक्त गर्नुभयो ।

'पार्टीलाई एक ढिक्का बनाउन दोस्रो पुस्ताको नेतृत्वले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ', उहाँले भन्नुभयो, 'पार्टी एकताका लागि अध्यक्ष केपी ओली र वरिष्ठ नेता माधवकुमार नेपालबीचको प्रत्यक्ष वार्ताको तयारी भएको छ ।'

नेकपा एमाले केन्द्रीय सचिवसमेत रहनुभएका गुरुङले सङ्गठित पार्टी निर्माणमा सञ्चारकर्मीको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै पार्टीको आगामी महाधिवेशनले अहिले देखिएका असन्तुष्टिको अन्त्यका लागि आवश्यक नीति निर्माण गर्नेमा जोड दिनुभयो । नेकपा एमाले स्थायी कमिटी सदस्य एवं प्रदेशका पूर्वमन्त्री किरण गुरुङले कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध बनाएर लानुको विकल्प नभएको बताउँदै त्यसका लागि मिडियाले रचनात्मक भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो । फाउण्डेशन कास्कीका अध्यक्ष माधव बाँस्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा प्रेस चौतारी नेपाल कास्कीका अध्यक्ष अर्जुन गिरी, फाउण्डेशनका महिला संयोजक हिरा गिरी लगायतले समृद्ध नेपाल निर्माणका लागि पार्टी एकताबद्ध भएर अघि बढ्नुको विकल्प नभएको धारणा राख्नुभयो ।

## संक्रमणमुक्त हुने दर घट्दो, १६ को मृत्यु

**रासस**
**काठमाडौं, १४ साउन**

कोरोना भाइरस सङ्क्रमण बढ्दै गएपछि सङ्क्रमणमुक्त हुने दर क्रमशः घट्दै गएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको विगत एक हप्ताको तथ्याङ्क हेर्दा सङ्क्रमणमुक्त हुने दर क्रमशः घट्दै गएको हो । यही साउन ८ गते सङ्क्रमणमुक्त हुने दर ९४.५ प्रतिशत रहेकोमा आज यो दर ९४.१ प्रतिशत पुगेको छ । यही साउन ८ गते एक हजार ६७८ जना सङ्क्रमणमुक्त भई घर फर्किनुभएको थियो । यसैगरी यही साउन ९ गते ९४.५ प्रतिशत अर्थात दुई हजार १९७, साउन १० गते ९४.६ प्रतिशत अर्थात दुई हजार ५०, साउन ११ गते ९४.५ प्रतिशत अर्थात एक हजार ६८५, साउन १२ गते ९४.४ प्रतिशत अर्थात एक हजार ७७८, साउन १३ गते ९४.३ प्रतिशत अर्थात एक हजार ९९३ र साउन १४ गते एक हजार ३७३ जना सङ्क्रमणमुक्त भई घर फर्किनुभएको छ । जनस्वास्थ्यविद् डा सागरराज भण्डारीले सङ्क्रमित बढिरहेकाले सङ्क्रमणमुक्त हुने दर घटेको बताउनुभयो । उहाँले भन्नुभयो, "सङ्क्रमित हुनेको सङ्ख्याको अनुपातमा सङ्क्रमणमुक्त हुनेको सङ्ख्या कम देखिएकाले यो दर घटेको हो ।"

पछिल्लो २४ घण्टामा नेपालमा तीन हजार ३६५ जनामा कोरोना भाइरस सङ्क्रमण देखिएको छ । १४ हजार २४२ जनाको नमूना परीक्षण गर्दा तीन हजार ३६५ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ। योसँगै नेपालमा अहिलेसम्म कोरोना भाइरस सङ्क्रमण हुनेको सङ्ख्या सात लाख ५० हजार २२ पुगेको छ ।

यसैगरी कोरोना सङ्क्रमणबाट नेपालमा थप १६ जनाको मृत्यु भएको छ । योसँगै अहिलेसम्म नेपालमा कोरोना भाइरस सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या नौ हजार ८०७ पुगेको छ । प्रति १० लाखमा ३३०.५ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

अहिलेसम्म मोरङ, सुनसरी, झापा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, नवलपरासी (पूर्व), कास्की, रुपन्देही गरी ११ जिल्लामा ५०० भन्दा बढी सक्रिय सङ्क्रमित छन् । दुई सयभन्दा बढी सङ्क्रमित हुने जिल्लाको सङ्ख्या २४ रहेको छ । मन्त्रालयका अनुसार सघन उपचार कक्षमा ६३६ र भेन्टिलेटरमा १६० बिरामी छन् । यसैगरी होमआइसोलेशनमा २७ हजार ३५५ र संस्थागत आइसोलेशनमा तीन हजार ३५ बिरामी रहेका छन् ।

## कांग्रेसको क्रियाशील सदस्यता विवाद मिलाउने जिम्मेवारी नेतृत्वलाई

**रासस**
**काठमाडौं, १४ साउन**

नेपाली कांग्रेसले पार्टीको क्रियाशील सदस्यतामा देखिएका बाँकी विवाद मिलाउने जिम्मेवारी नेतृत्व तहलाई सुम्पेको छ ।

कांग्रेस पदाधिकारी र पूर्वपदाधिकारीको आज बसेको बैठकले क्रियाशील सदस्यताका बाँकी विवाद मिलाउन नेतृत्व तहलाई सहजीकरण गर्ने जिम्मेवारी प्रदान गरेको सहमहामन्त्री डा प्रकाशशरण महतले जानकारी दिनुभयो । कांग्रेस क्रियाशील सदस्यता छानविन समितिले यही साउन १२ गते क्रियाशील सदस्यतासम्बन्धी प्रतिवेदन सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाएको थियो । बुधबारको पदाधिकारी बैठकले प्रतिवेदनमा परिमार्जनका लागि समितिलाई एक दिनको समय प्रदान गरेको थियो । समितिले केही विवाद समाधान गरी आजको बैठकमा परिमार्जनसहितको प्रतिवेदन प्रस्तुत गरेको उहाँले बताउनुभयो । यद्यपी प्रतिवेदनमा केही विवाद बाँकी नै छन् । बाँकी विवाद पदाधिकारी सम्मिलित नेतत्व तहले दुई/चार दिनमा समाधान गरी केन्द्रीय निर्वाचन समितिलाई प्रतिवेदन उपलब्ध गराउने र प्रभावित भएका अधिवेशनको नयाँ कार्यतालिका सार्वजनिक गरिने सहमहामन्त्री डा महतले बताउनुभयो ।

कांग्रेसले २०७७ साल फागुन ६ गते आसन्न १४औं महाधिवेशनको प्रयोजनका लागि देशभरका सम्पूर्ण क्रियाशील सदस्यहरुको नामावलीको विवरणलाई अद्यावधिक गरी अन्तिम नामावली तयार गर्न समिति गठन गरेको थियो । १४औं महाधिवेशनका लागि पार्टीको क्रियाशील सदस्यको सङ्ख्या आठ लाख ५२ हजार ७११ पुगेको छ । बारा र सप्तरी जिल्ला कार्यसमितिको क्रियाशील सदस्यता विवरण ढिला गरेर प्राप्त भएकाले पूरै बाँकी रहेको छ ।

त्यस्तै सिन्धुपाल्चोक, रसुवा, काभ्रेपलाञ्चोक, धनुषा, सर्लाही, कैलालीका केही क्षेत्रको क्रियाशील सदस्यता विवाद टुङ्गिन बाँकी रहेको समितिले जनाएको छ ।

यसमध्ये समितिले केही विवाद समाधान गरी आज प्रतिवेदन पदाधिकारी बैठकमा बुझाएको थियो । कांग्रेसले १४औं महाधिवेशन आगामी भदौ १६ देखि १९ गतेसम्म काठमाडौंमा गर्ने कार्यतालिका तय गरेको छ ।

## टोकियो ओलम्पिकमा अमेरिका ३५ पदकसहित शीर्ष स्थानमा

**रासस**
**काठमाडौं, १४ साउन**

जापानको राजधानी टोकियोमा जारी ३२औं ग्रीष्मकालीन ओलम्पिक खेलकुदमा अमेरिका ३५ पदकसहित शीर्ष स्थानमा उक्लेको छ । चीन र जापानलाई उछिन्दै अमेरिका शीर्ष स्थान ओगट्न सफल भएको हो ।

अमेरिकाले हालसम्म १३ स्वर्ण, १२ रजत र १० कास्यसहित कूल ३५ पदक प्राप्त गरेको छ । चीन दोस्रो तथा जापान तेस्रो स्थानमा रहेका छन् । चीनले १३ स्वर्ण, छ रजत र नौ कास्य पदक प्राप्त गरेको छ भने जापानले १३ स्वर्ण, चार रजत र पाँच कास्य प्राप्त गर्न सफल भएको छ । यस्तै सात स्वर्ण, ११ रजत र सात कास्य पदक प्राप्त गर्दै रसियन ओलम्पिक कमिटी पदक तालिकाको चौथो स्थानमा रहेको छ ।

यसैगरी अस्ट्रेलिया सात स्वर्ण, दुई रजत र नौ कास्य पदकका साथ पाँचौं स्थानमा रहेको छ । बेलायत पाँच स्वर्ण, छ रजत र पाँच कास्यसहित छैटौं, दक्षिण कोरिया चार स्वर्ण, दुई रजत र पाँच कास्यका साथ सातौं, जर्मनी तीन स्वर्ण, तीन रजत र पाँच कास्य जित्दै आठौं, फ्रान्स तीन स्वर्ण, तीन रजत र तीन कास्यका साथ नवौं तथा इटाली दुई स्वर्ण, सात रजत र नौ कास्यका साथ पदक तालिकाको १०औं स्थानमा रहेको टोकियो ओलम्पिकको वेबसाइटमा उल्लेख छ । टोकियो ओलम्पिकमा सहभागी २०५ देशमध्ये हालसम्म ६३ देशले पदक प्राप्त गर्न सफल

बाँकी अन्तिम पृष्ठमा ▶▶




# कृषिमा भविष्य खोज्दै पोखरेली युवा

–हरि बाँस्तोला
पोखरा, १४ साउन (रासस)

कोरोना कहरसँगै विदेशबाट फर्केका युवाले नगदेबालीमा भविष्य खोज्न थालेका छन् । बाँझिएको पुर्ख्यौली जग्गामा विभिन्न जातका फलफूलका बिरुवा रोप्दै उनीहरूले स्वदेशमै भविष्य खोज्न थालेका हुन् ।

वैदेशिक रोजगारको सिलसिलामा १० वर्ष क्यानाडामा बिताउनुभएका पोखरा-१६ अर्मला टारीबिसौनाका शङ्कर गुरुङले यतिखेर निजी जग्गामा टिमुर, अलैँची, कफी, एभोकाडो र किवीलगायतका जडीबुटी एवं फलफूल रोप्न व्यस्त हुनुहुन्छ ।

दशवर्षे विदेशको बसाइले उहाँमा स्वदेशमा नै केही गर्नुपर्दछ भन्ने पाठ सिकायो नै, गरे के हुँदैन भन्ने सन्देश पनि दिन खोजेको छ । स्थानीय प्रजातिका कटुस, चिलाउने, उत्तिसलगायतका बोटसहित झाँडी रहेको सात रोपनी जग्गामा नगदे बालीका बिरुवा रोपेको उहाँका भनाइ छ । उहाँका अनुसार एक दशकदेखि बाँझिएको जग्गामा टिमुरका १५०, अलैँचीलगायत कफी, किवी, एभोकाडो, अम्बा, कागतीलगायत विभिन्न जातका एक हजारभन्दा बढी बिरुवा रोपेको बताउनुभयो । परीक्षणका रूपमा लगाइएको बिरुवाले दिने उत्पादनका आधारमा बाँकी जग्गामा पनि अन्य आयआर्जन गर्न सकिने नवीनतम प्रजातिका फलफूलका बिरुवा लगाउने सोचमा रहेको उहाँले बताउनुभयो । क्यानाडाबाट स्वदेश फर्केपछि पर्यटकीयस्थल पोखराको लेकसाइडमा होटल व्यवसाय सञ्चालन गर्दै आउनुभएका उहाँ भन्नुभयो, "कोभिडको कारण पर्यटन व्यवसायसमेत ठप्प भएपछि गाउँ फर्केर कृषि कर्ममा लाग्न मन जागेको हो ।"वैदेशिक रोजगारीको सिलसिलामा दुई वर्ष कतारमा बिताएर स्वदेश फर्कनुभएका अर्मलाकै अर्का युवा किरण गुरुङले आफ्नो लगभग सात रोपनी जग्गामा विभिन्न फलफूलका बिरुवा रोप्नुभएको छ । विदेशबाट फर्केसँगै पोखराको पर्यटकीयस्थल चमेरे गुफामा कोल्डस्टोर्स पसल सञ्चालन गर्नुभएका उहाँले तीन हजार ५०० अलैँची, १५० कफी, ६० टिमुर, २० एभोकाडो र १५ वटा कागतीका बिरुवा रोप्नुभएको हो । हुर्केका बिभिन्न प्रजातिका रुखमा औषधीय गुण भएको मरिचका बिरुवा लगाउने तयारी गरेको उहाँको भनाइ छ । उहाँहरू त प्रतिनिधि पात्र हुन्, उहाँहरूजस्ता यस क्षेत्रका धेरै विदेशबाट फर्केका युवालगायत स्वदेशमै केही गर्न सकिन्छ भन्ने सोचका साथ ४० घरपरिवारले ५०० रोपनी जग्गामा कृषि वनको अवधारणा अपनाएका छन् । डिभिजन वन कार्यालयद्वारा राष्ट्रिय वृक्षरोपण दशक अभियानअन्तर्गत निःशुल्करूपमा आवश्यक बिरुवा र खाल्टा खन्नका लागि समेत रकम उपलब्ध गराएपछि बाँझिएको जग्गाको उपयोग गर्दै आयआर्जनका लागि विभिन्न जातका बिरुवा रोप्ने प्रेरणा उनीहरूमा जागेको हो ।

अर्मला क्षेत्रलाई कृषि वनमा परिणत गर्ने लक्ष्यका साथ शुरु गरिएको अभियानअन्तर्गत हालसम्म ३५ हजार अलैँची, १२ हजार टिमुर, १० हजार कफी, दुई हजार ५०० एभोकाडो, १०० किवी, दुई हजार अम्बा, एक हजार आँप, ५०० लप्सी, २०० कुरिलो र ठूलो परिणाममा राइखनियो, इपिलइपिल, पाउलोनियालगायतका डालेघाँसका बिरुवा उपलब्ध गराइएको डिभिजन वन कार्यालय कास्कीका वन अधिकृत केदार बरालले जानकारी दिनुभयो ।

कुरबाट डिही, लप्सीबोट (रघु) हुँदै पात्लेसम्म ३२ घरपरिवारको ५०० रोपनी निजी जग्गामा प्रत्येक वर्ष टिमुरसहित विभिन्न प्रजातिका बिरुवा क्रमिक रोप्दै आएको बताउँदै उहाँले साविकको अर्मलाको पूरै क्षेत्रलाई कृषि वनमा परिणत गर्ने लक्ष्य रहेको कृषि वन समूहका सचिव जीतबहादुर बस्नेतले जानकारी दिनुभयो । कृषि वन प्रवर्द्धनमा युवा वर्गले देखाएको उत्साहलाई जीवित राख्न आवश्यक तालिम तथा बजारीकरणमा सम्बन्धित निकायको ध्यान जानुपर्नेमा उहाँको जोड छ ।



कफीको बिरुवा रोप्दै अर्मलाकोटवासी : बाँझो जग्गामा कफीका बिरुवा रोप्दै पोखरा-१६, अर्मलाकोटवासी । सामूहिक रुपमा उनीहरुले यस पटक २०० कफीका बिरुवा रोपेका छन् । तस्बिरः हरि बाँस्तोला/रासस

# मोहन कुमार प्रधानको पोखरा ३२ नेका सभापतिमा उम्मेदवारी

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन

नेपाली काँग्रेसको १४ औं महाअधिवेशन अन्योलको स्थितीमा छ, तैपनि नेताहरुबीच नेतृत्वमा आउने इच्छाहरु धमाधम आइरहेको छ यहि समयमा मोहनकुमार प्रधानको पोखरा ३२ नेका सभापतिमा उम्मेदवारी आएको छ। २०४६ सालको जनआन्दोलन बाट प्रभावित भई नेपाली कांग्रेसमा आबद्ध भई २०४८मा संसदीयउमेदवार अत्यधिकमतले बिजय गराउन सक्रिय भुमिका खेलेको बताउदै वडा सभापतिमा आफु सक्षम रहेको जनाउनु भयो । २०६२ र ६३ जनआन्दोलनमा नेकाको वडादेखि जिल्ला र केन्द्र सम्मजनआन्दोलन सहभागीभई आन्दोलनमा जेल नेल परेको र आफुले पाटीमा धेरै त्याग गरेकोले अहिले वडा सभापतिमा उम्मेदवारी दिने निर्याय गरेको बताउनु भयो । आफुलाई वडा सभापतिमा साथी भाईले सहयोग गरी जिताउने विश्वास पनि व्यक्त गर्नुभयो ।

मोहनकुमार प्रधान क्षेत्र १ नं. पूर्व क्षेत्रीय तरूण दल कार्यसमिति सदस्य तथा क्षैत्र १ पूर्व क्षेत्रीय जनजाति सघ सदस्य तथा अपांग नगर समन्वय उपाध्यक्ष पूर्व लेखनाथ नगरपालिकाको तथा १२ र १३औं नेका क्षेत्रीय प्रतिनिधी तथा पोखरा ३२ नेका सल्लाहकार तथा विभिन्न संघसस्थामा सहभागी हुनुहुन्छ ।

# बुद्ध विशाल बजार व्यापारिक एशोशियसनकाद्वारा मन्त्री थापालाई बधाई

पोखरापत्र संवाददाता
गण्डकी, १४ साउन

बुद्ध विशाल बजार व्यापारिक एशोशियसनकाद्वारा गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापालाई बधाई तथा शुभकामना दिदै व्यवसायीलाई चाडो भन्दा चाडो कोभिडविरुद्धको खोप उपलब्ध गराउन माग गरेको छ ।

एशोशियसनका पदाधिकारीहरूसँगको भेटमा गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले व्यवसायीलाई दुई चारदिन भित्र नै खोप उपलब्ध हुने बताए । बुद्ध विशाल बजार व्यापारिक एशोशियसनका अध्यक्ष केशववहादुर खत्रीको नेतृत्वमा गएको एशोशियसनको प्रतिनिधिमण्डल सँग कुरा गर्दै मन्त्री थापाले अहिले आवश्यकता भनेको व्यवसायीलाई



कोभिडविरुद्धको खोप आबस्यकता रहेको बताउदै आफु ब्यवसायी क्षेत्रबाट राजनितिमा आएको बताउदै व्यवसायीका पिरमर्का आफुले नजिक बाट बुजेको बताए । थापाले राजनितिमा दुईथरिका मान्छे हुने बताउदै व्यवसायीहरू पनि क्रमश राजनितिमा आउनुपर्ने बताए । व्यवसायीले व्यवस्थापन राम्रो गर्न सक्ने भन्दै राजनितिक तथा सामाजिक काममा समेत सफल हुन सक्ने बताए । मन्त्री थापाले आफुलाई लोभलालच केही पनि नभएको बताउदै आफुले सक्ने जति जनताको पक्षमा काम गर्ने बताए । भेटघाटमा एशोशियसनका अध्यक्ष केशववहादुर खत्रीले राज्यले व्यवसायीलाई हेर्ने दृष्टिकोण फरक रहेको बताउदै अहिले कर्मचारी शिक्षक लगाएत अन्य क्षेत्रका व्यक्तीहरूले खोप पाईरहेको अवस्थामा राज्यलाई प्रत्यक्ष कर तिरेर व्यवसाय गरेका व्यवसायीलाई सरकारले खोप उपलब्ध नगराएकोमा दुःख ब्यक्त गरे । अध्यक्ष खत्रीले मन्त्री थापाबाट बिगतम पनि बुद्ध बिशाल बजारका हरेक समस्यामा साथ र सयोग पाईरहेको बताउदै आगामी दिनमा पनि बुद्ध विशाल बजार व्यापारिक एशोशियसले मन्त्री थापाबाट एशोशियसनले अभिभावकको रूपमा साथ र सयोग पाउने आशा गरेको बताए ।

मन्त्री थापासँगको भेटघाटमा मन्त्री थापाको कार्यकालको शुभकामना सहित माला र खादा ओढाइ सम्मान गरिएको थियो ।बुद्ध विशाल बजार व्यापारिक एशोशियसनका अध्यक्ष केशवबहादुर खत्रीको नेतृत्वमा गएको टोलिमा एशोशियसनका महासचिव ईन्द्रराज अर्याल,सचिव बुद्धि कुवँर,कोषाध्यक्ष राजु के.सी एशोशियसनका प्रेस संयोजक तथा पत्रकार मनोहरि पौडेलको सहभागिता रहेको थियो ।




# सराङकोटमा एमाले सचिवालय सदस्य खड्काको नेतृत्वमा काँग्रेस प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन

पोखरा महानगरपालिका वडा नं १८ सराङकोटमा एक सय २० जना भन्दा बढीले नेकपा एमाले छाडेर नेपाली काँग्रेस प्रवेश गरेका छन् ।

नेकपा एमाले कास्कीका सचिवालय सदस्य सूर्य बहादुर खड्काको नेतृत्वमा उहाँहरु पार्टी प्रवेश गर्नुभएको हो । नेपाली काँग्रेस कास्कीले बिहीबार आयोजना गरेको कार्यक्रममा नेता शुक्रराज शर्मा, सभापति कृष्ण केसी, उपसभापति आइ बहादुर गुरुङ र देवेन्द्र रानाभाटले उहाँहरुलाई सदस्यता प्रदान गरी स्वागत गर्नुभएको प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो । 'एमालेले भ्रम सृजना गर्न बाहेक केही गर्न सकेन, त्यसैले एमाले छाड्यौ, सूर्य बहादुर खड्काले भन्नुभयो, एमालेमा लाग्दा गल्ति गरेछौं, त्यसैले काँग्रेस प्रवेश गरेका हौ ।' एमाले सरकारका रहँदा जनताको आधारभूत आवश्यकता पूरा नगरेको र सस्तो लोकप्रियताका लागि मात्र अघि बढेको उहाँको भनाइ थियो । कार्यक्रममा बोल्दै नेता शुक्रराज शर्माले काँग्रेसमा मात्र सबै वर्ग र क्षेत्र सुरक्षित हुने बताउनुभयो । 'काँग्रेस प्रवेश गरेर प्रजातन्त्र र स्वतन्त्रता रोज्नुभयो, उहाँले भन्नुभयो, तपाईहरुलाई पार्टी भित्र मर्यादा पाउनुहुन्छ ।' कास्की काँग्रेसका सभापति कृष्ण केसीले जनताका आवश्यकतालाई प्राथमिकतामा राखेर पार्टीले काम गर्ने भन्दै ढुक्क हुन आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाली काँग्रेस कास्कीका सदस्य कृष्ण प्रसाद तिमिल्सिना, आमन्त्रित सदस्य आश बहादुर गुरुङ, पोखरा १८ इकाइ सभापति शिव प्रसाद तिमिल्सिना, प्रवेशी इन्द बहादुर जलारीले बोल्नु भएको थियो ।

# टोकियो...

भएका छन् । नेपालबाट चार खेलमा पाँच खेलाडी टोकियो ओलम्पिकमा सहभागी भएका छन् । तीमध्ये सुटिङकी कल्पना परियार, जुडोकी सोनिया भट्ट, पौडीका एलेक्स शाह र गौरिका सिंहले खेलिसक्नुभएको छ । चारै जना पराजित भई प्रतियोगिताबाट बाहिरिनुभएको छ ।


परियारले महिला १० मिटर एयर राइफल, भट्टले महिला ४८ किलो तौल समूह, शाहले १०० मिटर फ्रि स्टाइल तथा सिंहले १०० मिटर फ्रि स्टाइलमा प्रतिस्पर्धा गर्नुभएको थियो । टोकियो ओलम्पिकमा अब एथलेटिक्सकी सरस्वती चौधरीले मात्र प्रतिस्पर्धा गर्न बाँकी छ । उहाँले शुक्रबार आफ्नो खेलमा प्रतिस्पर्धा गर्नुहुनेछ ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

### सुक्तिसुधा

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# सदनलाई क्रियाशील बनाउ

सर्वोच्च अदालतको परमादेशबाट शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएको तीन साता पुग्न लागेको छ । प्रधानमन्त्रीले प्रतिनिधिसभाबाट विश्वासको मत पाएपछि मन्त्रिपरिषद विस्तार गर्न सकेका छैनन् । मन्त्रिपरिषद विस्तार गरेर सरकारको काम प्रभावकारी बनाउन लाग्नुपर्छ । विघटन भएको प्रतिनिधिसभा पुनःस्थापना भएको हुँदा त्यसलाई गतिशील बनाउने काम पनि सदनको नेताको हो । सदन नितान्त औपचारिक भूमिकामा मात्र सीमित छ । प्रधानमन्त्रीलाई बधाई दिने काम बाहेक महत्त्वपूर्ण बिजनेस सरकारले दिएको छैन । प्रतिनिधिसभा आफैंले पनि बिजनेस सिर्जना गर्न सकेको छैन । भर्खर विपक्षमा पुगेको नेकपा एमाले सदनमा कसरी प्रस्तुत हुने निर्णय लिन सकेको छैन ।

पार्टीलाई एकताबद्ध बनाउन लागेका एमालेका नेताहरूले सदनमा कसरी जाने भनेर सुझाव लिन सकेका छैनन् ।सत्ता गठबन्धन दलहरू र विपक्षी दलको भुमिकाले मात्र सदनको रौनकता आउँछ। सांसदहरू आफैंले पनि विशेष प्रस्तावमार्फत र संसदीय समितिका तर्फबाट पहिले नै छलफल भई पारित भएका विधेयकलाई प्रक्रियामा लान सक्छन् । सभामुख अग्नी प्रसाद सापकोटाले सरकार र विपक्षीलाई समन्वय गरेर लैजान सके जीवन पाउन सक्छ । यश अघि सभामुखको भुमिका समन्वयात्मक नहुँदा संसद काम बिहिन भएको थियो । यसअघि सरकारले जारी गरेका अध्यादेशलाई बहसमा लान सकिन्थ्यो । तर, न सरकार यसतर्फ सचेत र सक्रिय भएको छ, न संसद् आफैं यता लागेको छ । यसअघि प्रधानमन्त्री केपी ओली र सभामुख सापकोटाको टसलले गर्दा सदनले गति लिन सकेन ।

आफूलाई निर्वाचित गर्ने र आफू उत्तरदायी हुनुपर्ने थलोका रूपमा लिन नसक्दा संसद् पूर्ण रूपमा क्रियाशील हुन सकेको थिएन । अझै पनि कतिपय अत्यन्त जरुरी विधेयक पारित गरिएका छैनन् । सत्तारूढ दलहरूको ब्यवहार हेर्दा विपक्षीलाई चिढ्याउने देखिन्छ । सदनलाई चाँडै अन्त्य गर्ने दिशामा सरकार पुगेको छ । हिजो विपक्षमा रहँदा एउटा कुरा आज सत्तामा पुगेपछि अर्को कुरा गर्ने प्रबृत्ति छ । दलहरूको द्वैध चरित्रले गर्दा जो आए पनि उस्तै भन्ने अवस्था छ । सरकारले पनि संसद्लाई बिजनेस दिएर सक्रिय बनाउन नसक्ने हो भने संसद्को प्रभावकारिता स्वतः कमजोर हुनेछ, संसद्प्रतिको विश्वास पनि घट्दै जानेछ ।

नागरिकतासम्बन्धी विधेयक र कर्मचारी व्यवस्थापनसम्बन्धी विधेयक संसदा लामो समय अल्झिँदा समस्या सिर्जना भएका छन् । नागरिकतासम्बन्धी विधेयक अल्झिँदा हजारौँ परिवार मर्कामा परेका छन् । यसले खासगरी भर्खर करियर सुरु गर्न लागेका या उच्च शिक्षा अध्ययन गर्ने उमेरमा पुगेका हजारौँ युवायुवती प्रभावित भएका छन् । आमाका नाममा नागरिकता दिने प्रावधान कार्यान्वयनमा नआउँदा महिलाले विभेदको सिकार हुनुपरेको छ । कतिपयले अनागरिक बनेर बस्नुपर्ने अवस्था विद्यमान छ । जस्तो यो सरकारले पनि संसद्लाई बिजनेस दिएर सक्रिय बनाउन नसक्ने हो भने संसद्को प्रभावकारिता स्वतः कमजोर हुनेछ, संसद्प्रतिको विश्वास पनि घट्दै जानेछ ।

प्रतिनिधिसभा १८ महिनादेखि उपसभामुखविहीन छ । तत्कालीन उपसभामुख शिवमाया तुम्बाहाम्फेले अग्नि सापकोटालाई सभामुख हुने बाटो खोल्नका लागि उपसभामुखबाट राजीनामा दिएसँगै सो पद रिक्त छ । यसले एकातिर संवैधानिक परिषद्लाई पूर्ण अंगसहित चल्न दिएको छैन भने अर्कातिर प्रतिपक्षी दलले पाउने एउटा अधिकारसमेत खोसिएको छ । प्रतिनिधिसभाको नेतृत्वमा पनि एकप्रकारको खाडल सिर्जना गरिएको छ । देउवा सरकारले उपसभामुखको पद तत्काल पूर्ति गर्ने गरी प्रतिनिधिसभालाई बिजनेस दिने व्यवस्था मिलाउनु जरुरी छ । संसद् कमजोर हुँदा प्रधानमन्त्री र मन्त्रीहरूले आफ्नो दायित्व पूरा नगरे पनि जवाफ दिनु नपर्ने र हाइसन्चो हुने भएकाले पनि उत्तरदायित्वविहीन सरकारले संसद्लाई बिजनेसविहीन बनाउने गर्छ । संसद् रक्षाका लागि भन्दै आन्दोलनमा गएर पुनर्स्थापनाको पक्षमा संघर्ष गरेका दलहरूको सरकार हुँदा पनि पहिलेकै जस्तो अवस्था देखिनु विडम्बना हो ।



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : सम्मान मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शारीरिक झमेला | मकर | : मन चञ्चल |
| सिंह | : शत्रुको भय | कुम्भ | : मानसिक तनाब |
| कन्या | : ब्यापारमा लाभ | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# तनहुँको पर्यटन प्रवर्द्धनमा सामाजिक सञ्जाल

–कृष्ण न्यौपाने
दमौली, १४ साउन (रासस)

तनहुँको म्याग्दे गाउँपालिका-२ ज्यानटाङ सामुदायिक वनस्थित थुम्काइलो डाँडो । देशकै प्रमुख पृथ्वीराजमार्ग नजिकैको डाँडोमा चिलाउनेको रूखमाथि एउटा काठको घर बनाइएको छ। रूखलाई भित्रपट्टि पारेर काठले बनाइएको घर छ, दुई तलाको । छानोसमेत काठैले छाएको यो घरको नाम ‘ट्री हाउस’ राखिएको छ।

सामाजिक सञ्जाल फेसबुक र टिकटकमा ‘ट्री हाउस’ यतिबेला भाइरल बनेको छ । फेसबुक र टिकटकमा देखेपछि म्याग्दे-३ जामुने निवासी इन्दु श्रेष्ठको मन पनि लोभियो । जसले पनि ‘ट्री हाउस’ पुगेको फोटो र भिडियो अपलोड गर्दा कहिले पुगूँ भएको थियो उहाँलाई । तस्बिर खिचाउनैका लागि भए पनि साथीसँग घुम्ने चाहना भएको उहाँले बताउनुभयो । “अरूको देख्दा आफूलाई पनि यहाँ फोटो खिच्ने धोको थियो त्यै भएर साथी मिलेर आयौँ”, उहाँले भन्नुभयो ।

प्राकृतिक सौन्दर्यले भरिपूर्ण ठाउँमा रूखमा बनाइएको घर नौलो गन्तव्य भएकाले धेरैको मन जितेको उहाँको बुझाइ छ । साथीभाइ र परिवारसँग ‘रिफ्रेस’ हुनलाई यो गन्तव्य उपयुक्त हुने उहाँले बताउनुभयो । इन्दु जस्तै सामाजिक सञ्जालमा देखेकै भरमा यहाँ घुम्न आउने आन्तरिक पर्यटक दैनिक बढिरहेका छन् । निर्माण सम्पन्न नहुँदै दैनिक दुई सयभन्दा बढी पर्यटक ‘ट्री हाउस’ घुम्न आउने गरेको ज्यानटाङ सामुदायिक वनका अध्यक्ष ईश्वरबहादुर रानाभाटले जानकारी दिनुभयो । “रूखमा बनेको घर सम्पन्न भएको छैन । उद्घाटन पनि नहुँदै घुम्न आउने पर्यटक बढेका छन्”, उहाँले भन्नुभयो, “यति चाँडो यसरी पर्यटक बढ्लान् भन्ने अपेक्षा नगरिए पनि सामाजिक सञ्जालले ‘ट्री हाउस’ लाई पर्यटकीय गन्तव्य बनाउन सघाएको छ ।” ‘ट्री हाउस’ले जस्तै चर्चा बटुलेको छ म्याग्दे गाउँपालिका-५ थाङ्दीमा रहेको थाङ्दी झरनाले पनि । सुनसान खोँचमा रहेको झरनाको सुन्दरता नियाँल्न पुग्नेको यतिबेला दैनिक भीड छ । तस्बिर र भिडियो खिचेर सामाजिक सञ्जालमा अपलोड गर्नेको तँछाडमछाड नै देखिन्छ । निषेधाज्ञाको समेत वास्ता नगरी आन्तरिक पर्यटक झरनामा पुगिरहेका छन् । कान्छी बाराही मन्दिरसँगै रहेको झरना आन्तरिक पर्यटकीय गन्तव्य बनेको छ । झरनाको दृश्य नियाँल्न र चिसो पानीमा डुबुल्की मार्न आउने आन्तरिक पर्यटकको ओइरो छ ।

तीन वर्षदेखि चर्चामा आएको झरनामा यो वर्ष झनै पर्यटक वृद्धि भएको छ । पर्यटक बढ्नुको श्रेय सामाजिक सञ्जाललाई दिनुहुन्छ स्थानीयवासी अमृता भट्टराई । झरना पहिलेदेखि नै थियो तर गुमनाम थियो । पछिल्लो तीन वर्षमा सामाजिक सञ्जालकै भाषामा भन्ने हो भने भाइरल भयो । भट्टराई भन्नुहुन्छ, “टिकटक, फेसबुकले त भाइरल नै बनायो । जो आउँछन् टिकटकमा भिडियो बनाएर हाल्छन् । फेसबुकमा फोटो राख्छन् । झरना राम्रो छ । टिकटक, फेसबुकमा हेर्ने जो कोहीलाई पनि लोभ्याउँछ र उनीहरू पनि घुम्न आउने क्रम बढ्दो छ ।” शनिबार झरनामा आउने पर्यटकको भीडभाड अन्य दिनको तुलनामा बढी हुने उहाँले जानकारी दिनुभयो । “झरनामा आउने युवायुवती धेरै हुन्छन् । झरना आउनु धेरैको उद्देश्य हुन्छ फोटो र भिडियो सामाजिक सञ्जालमा हाल्ने”, उहाँले भन्नुभयो ।

पछिल्लो समय सामाजिक सञ्जाल प्रयोगकर्ता ह्वात्तै बढेका छन् । मानवजीवनको आधारभूत आवश्यकता जस्तै बनेको छ इन्टरनेट र सामाजिक सञ्जाल यतिबेला । बालकदेखि ज्येष्ठ नागरिकसम्म भेटिन्छन् सञ्जालमा । जीवनको अपरिहार्य आवश्यकता जस्तै बनेको सामाजिक सञ्जालको नकारात्मक पक्ष बढी चर्चा हुन्छ तर सकारात्मक पक्ष पनि उत्तिकै छन् । समाजमा लुकेका प्रतिभादेखि पर्यटकीय गन्तव्यलाई चर्चित बनाएर फेरबदल गर्नसक्ने क्षमता देखाएको छ सामाजिक सञ्जालले । सामाजिक सञ्जालकै कारण गुमनाम जस्तै तनहुँको मानुङ्कोट गत वर्षदेखि चर्चित पर्यटकीय गन्तव्यमा दर्ज भएको छ । टिकटक, फेसबुक, युट्युब र इन्स्टाग्रामले गत वर्षको दशैंपछि व्यास नगरपालिका-५ मा रहेको मानुङ्कोटलाई निकै चर्चित बनाइदियो । महर्षि वेदव्यासको तपोभूमि दमौली बजारको पश्चिमपट्टि शिरमा मानुङ्कोटको डाँडो अवस्थित छ । दमौली बजारले कुहिरोको घुम्टो ओढेर सूर्य उदाउँदाको मस्त दृश्यपान गर्न लालायित आन्तरिक पर्यटकको भीडले गत वर्ष इतिहास नै रच्यो । कोरोना कहरको बेवास्ता गर्दै एकै दिन दश हजारभन्दा बढी मानुङ्कोटको डाँडो उक्लिए ।

बादलमाथि हुने सूर्योदय र आफू एउटै सतहमा भएजस्तै देखिने तस्बिर सामाजिक सञ्जालभर छ्यापछ्याप्ती आउन थालेपछि देशभरका पर्यटक यहाँ ओइरिएका थिए । सायद हजारौँ वर्ष अगाडिदेखि नै सुन्दर थियो यो स्थान तर अहिले चर्चित बनाउने काम सामाजिक सञ्जालले गरे ।

मानुङकोटमा असोजदेखि फागुनसम्म पर्यटकको भीड नै रह्यो । सुनसान रहने मानुङ्कोटमा अरू समय पनि पर्यटक बढेको स्थानीय बताउँछन् । “हामी जनप्रतिनिधि निर्वाचित भएर आएपछि मानुङ्कोट पहिचान गरी पर्यटकीय गन्तव्य बनाउन जुटिरहेका थियौँ । पूर्वाधार निर्माणको चरणमा थियौँ । प्रचारप्रसारमा पनि हाम्रो ध्यान थियो तर गत वर्ष दशैंपछि पर्यटकको सङ्ख्या हवात्तै बढ्यो । यसरी एक्कासि पर्यटकको सङ्ख्या बढ्नुकाा कारण सामाजिक सञ्जाल नै हो,” व्यास नगरपालिका-५ का वडाध्यक्ष मोहनकुमार श्रेष्ठले भन्नुभयो ।

सामाजिक सञ्जाल हुँदैनथे भने पर्यटकको सङ्ख्या थोरैले बढ्दै गए पनि यसरी एक्कासि नबढ्ने उहाँको विश्लेषण छ । सही सदुपयोग भए पर्यटन प्रवर्द्धनको गतिलो माध्यम सामाजिक सञ्जाल हुने मानुङ्कोटले पुष्टि गरेको श्रेष्ठ बताउनुहुन्छ । बसाइँसराइले रित्तिएको डाँडोमा पर्यटक बढ्न थालेपछि गाउँ फर्किने बढेका छन् । डाँडामा लगानी गर्न निजी क्षेत्रसमेत आकर्षित भएको वडाध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । शुक्लागण्डकी नगरपालिका-८ एक्लेडाँडामा पनि यो वर्षदेखि आन्तरिक पर्यटक भरिन थालेका छन् । भर्खर पहिचान भएको र पूर्वाधार विकासमा बामे सार्दै गरेको एक्लेडाँडाको फोटो, भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि पर्यटक बढेका हुन् । बिहानको हिँडाइ (मर्निङवाक) देखि बेलुका टहल्नसमेत मानिसहरू यहाँ आउन थालेका छन् । दिउँसो साथीभाइसँग आउने पर्यटकको त झन् कुरै भएन । तनहुँको पर्यटनमा बन्दीपुर एउटा ब्रान्ड हो । बन्दीपुरबाहेक तनहुँमा घुम्ने ठाउँ छैन भन्ने धारणामा परिर्वतन ल्याइदिएको छ सामाजिक सञ्जालले । न्यून सङ्ख्यामा पर्यटक पुग्ने तर पर्यटकीय सम्भावनाले भरिपूर्ण जिल्लाको छिम्केश्वरी, आडीमूल, हिलेखर्क, ऐनापहरा झरना, बन्दीपुरको सिद्धगुफा, टुटेपानी, भिमादको सिद्ध गुफा र चमेरे गुफा, व्यास पराशर क्षेत्र, मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम, एक्लेडाँडा, भुजिकोट, मिलेनियम गुफा, ढोर मूलकोट दरबार, गलेखामकोटलगायतका गन्तव्यलाई प्रवर्द्धन गर्न सामाजिक सञ्जालले सघाएको छ ।

जिल्लाका केही होटेल व्यवसायीले पनि सामाजिक सञ्जाल केन्द्रित पूर्वाधार थपेर पाहुना आकर्षित गरिरहेको पाइन्छ । फोटो खिच्ने ठाउँ आकर्षित बनाउन सानाठूला सबै होटेलमा लगानी वृद्धि भइरहेको छ । पर्यटन प्रवर्द्धनमा पछिल्लो समय सामाजिक सञ्जालको महत्वपूर्ण भूमिका रहेको पर्यटनविद् एवं सम्पदा नेपालका अध्यक्ष हरिसिं गुरुङ बताउनुहुन्छ । “कोभिडका बेला सामाजिक सञ्जाल झनै प्रभावकारी बनेको छ”, उहाँले भन्नुभयो, “तर कहिलेकाहीँ सामाजिक सञ्जालमा तस्बिर भिडियो देखेर पुगेका पर्यटकले सोचेअनुरुप नदेख्दा गलत सन्देश प्रवाह हुनसक्छ ।

पछिल्लो समय सञ्चारकर्मीको कलम र क्यामेराले समेत पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिइरहेकाले पर्यटन प्रवर्द्धनमा सघाउ पुगेको गुरुङले उल्लेख गर्नुभयो । “जति प्रचारप्रसार हुन्छ त्यति नै पर्यटक भित्रिन्छन्”, उहाँले भन्नुभयो, “कतिपय गन्तव्यमा सामाजिक सञ्जालमा भाइरल भएर पर्यटक आउन थालेपछि बल्ल पूर्वाधार विकासको चरण शुरु भइरहेको छ ।” पर्यटन प्रवर्द्धनसँगै विपन्नको आडभरोसा पनि सामाजिक सञ्जाल बनेको छ । आर्थिक अवस्था कमजोर भएका बिरामीको उपचारमा आर्थिक सङ्कलन, भोकालाई खाना र नाङ्गालाई नानाको प्रबन्ध मिलाउनसमेत सामाजिक सञ्जाल प्रभावकारी ठहरिएको छ ।

वर्षौंदेखि हराएकालाई परिवारसँग पुनः मिलन गराउने माध्यम पनि सामाजिक सञ्जाल भएको छ । सामाजिक सञ्जालको सदुपयोग गर्दा यस्ता रचनात्मक काममा सहयोग पुग्ने यो एउटा गतिलो उदाहरण पनि हो ।

# पर्यटकीय गन्तव्य बन्दै कोप्रे झरना

–ध्रुबसागर शर्मा
म्याग्दी, १४ साउन

म्याग्दीको सदरमुकाम बेनी बजारबाट नजिकै रहेको कोप्रे झरना एकाएक चर्चामा आएको छ ।

दुई वर्ष अघिसम्म गुमनाम रहेको कोप्रे झरना कोरोना महामारी शुरु भएपछि एकाएक चर्चामा आएको हो । कोरोना प्रकोप शुरु भएपछि स्थानीय प्रशासनले जारी गरेको निषेधाज्ञाका कारण घुमफिर र रमाइलोका लागि टाढाटाढा जान सक्ने वातावरण नहुँदा नजिकका सम्भावित स्थलको खोजी हुने क्रममा कोप्रे झरनाको पहिचान भएको हो । नयाँ पर्यटकीय गन्तव्यका रुपमा चिनिएका बेनी नगरपालिका- २ बगरफाँटको दुधेखोलानजिक रहेको यो झरना पछिल्लो समय आन्तरिक पर्यटकको गन्तव्य स्थल बन्दै गएको छ । यो झरना विशेषगरी युवायुवतीको आकर्षक स्थलका रुपमा विकसित हुँदै गएको छ । कोरोना संक्रमण र त्यसको रोकथाम तथा नियन्त्रणका लागि जारी निषेधाज्ञाबाट तनावग्रस्त भएका युवायुवतीलाई तनावमुक्त गराउने स्थानको रुपमा यो झरना उत्कृष्ट बन्दै गएको छ ।

नयाँ पर्यटकीय गन्तव्यका रुपमा चिनिएको यस झरनामा आन्तरिक पर्यटकको चहलपहल बढ्दै गएको हो । बेनी-बगरफाँट-भकिम्ली सडकको नजिकै अवस्थित कोप्रे झरनामा स-साना बालबालिकादेखि अधबैंसे उमेर समूहका मानिसहरु समेत पुग्ने गर्छन् । यस झरनाको भ्रमण गर्न जाने पर्यटकले यसलाई लकडाउनको समयमा भेटिएको झरना पनि भनेर चिन्ने गरेका छन् । लकडाउनको समयमा घरभित्रै बस्न बाध्य भएका सर्वसाधारण तथा व्यस्त दैनिकीबाट ग्रसित मानिसहरु एकैछिन भए पनि कोप्रे झरनामा रमाएर फर्कन्छन् ।

उहाँका अनुसार शनिवार वा अन्य विदाको दिन कर्मचारी, व्यापारीलगायत व्यक्तिहरु पनि यहाँ रमाउन आउने गर्दछन् । विशेषगरी यहाँ भकिम्ली, ज्यामरुककोट, दुधेखोला, बगरफाँट र बेनीबजार आसपासका क्षेत्रबाट मानिसहरु आउने गरेको र यहाँ आएर घुम्ने, फोटो खिच्ने र रमाउने गर्दछन् । यस झरनामा पछिल्लोपटक कोरोना भाइरसका कारण जारी निषेधाज्ञाको बीचमा घुम्नेहरुको सत्या ह्वातै बढेको छ । बेनीबजारबाट कोप्रे झरनामा पुगेर रमाउन पाउँदा आफूले आनन्दको महसुस गर्न पाएको बेनीकी सलिना रोकाले बताउनुभयो । ‘झरनाको पानीले पानी पानी बनायो, खुब मज्जा आयो’, उहाँले भन्नुभयो । रोका मात्रै होइन, दैनिक एक सय भन्दा बढी युवायुवती यहाँ आएर फोटो खिच्ने, टिकटक बनाउने र रमाउने गर्दछन् । कोप्रे झरना हिउँदमा केही सानो भए पनि वर्षात्को समयमा निकै ठूलो हुने गर्दछ । यस झरनालाई त्यहाँ भ्रमण गर्न जाने कतिपय पर्यटकले ‘वर्षे झरना’ भनेर नामाकरण गरेका छन् ।

भीर तथा पहराको सहारा लिएर लडीबुडी खेल्दै खस्ने झरना हेर्दा निकै मनमोहक, आकर्षक र सुन्दर देखिन्छ । घाम लागेको समयमा इन्द्रेणी पर्ने झरनाले पर्यटकलाई लोभ्याइरहन्छ । पहाडको टुप्पोबाट जमिनतिर एकनासले खसिरहने झरनाको चिसो पानीमा भिज्न पाउँदा निकै आनन्द आउने पर्यटकको अनुभव छ ।

कोप्रे झरनामा कतिपय युवायुवती टिकटक बनाउनकै लागि भए पनि पुग्ने गरेका छन् । यस झरनालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नका लागि चालू आर्थिक वर्षमा वडा कार्यालयको सिफारिसमा बेनी नगरपालिकाले आवश्यक बजेट विनियोजन गरेको ज्यामरुककोटका वडाध्यक्ष हिराबहादुर थापाले बताउनुभयो ।

उत्तरतर्फ म्याग्दी नदी, पूर्व र पश्चिमतर्फ धानको हरियाली फाँट, दक्षिणतर्फ घना जङ्गल रहेको यो ठाउँ प्राकृतिक सुन्दरताले पनि अत्यन्त आकर्षक रहेकाले यसलाई आन्तरिक पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको उहाँको भनाइ छ ।

# एचआइभी सङ्क्रमितको सङ्ख्या बढ्दै

पोखरापत्र संवाददाता
लमजुङ, १४ साउन

यहाँ एचआइची एड्स सङ्क्रमितको सङ्ख्या वृद्धि हुन थालेको छ । वैदेशिक रोजगार, असुरक्षित यौन सम्पक, यौन शिक्षाको कमी, एक भन्दा बढीसँग यौन सम्पर्कलगायतका कारणले जिल्लामा एचआइभी एड्स सङ्क्रमित मानिसको सङ्ख्या बढ्न थालेको हो ।

नेपाल सरकारलगायत जिल्ला स्वास्थ्य कार्यालयले एचआइभी एड्स रोकथाम प्रयास गरे पनि सङ्क्रमतिको सङ्ख्यामा वृद्धि भइरहेको स्वास्थ्य कार्यालयले जनाएको छ । कार्यालयका अनुसार आर्थिक वर्ष २०७७/७८ मा ६९८ व्यक्तिको परीक्षण गरिएकामा आठजना नयाँ सङ्क्रमित थपिएका छन् । चार महिला र चार पुरुष गरी आठ नयाँ सङ्क्रमित थपिएसँगै जिल्लामा ११८ एचआइभी एड्स सङ्क्रमितको सङ्ख्या पुगेको बताइएको छ । यी सङ्क्रमितमध्ये ५५ महिला, ५३ पुरुष, र पाँच बालबालिका रहेका छन् ।

यी सबै जनाले बेंसीशहर नगरपालिका-८ मा रहेको लमजुङ अस्पतालको एआरटी सेवाबाट औषधि सेवन गर्दै आइरहेका एआर्टी परामर्शदाता गणेश गुरुङले बताउनुभयो ।

# घट्दै फोरजीका प्रयोगकर्ता

रासस
काठमाडौं, १४ साउन

पछिल्लो समय नेपालमा फोरजीका ग्राहक घट्न थालेका छन् । केही महिना महिना अगाडिसम्म उल्लेख्य मात्रामा थपिएका ग्राहक पछिल्लो समय घट्न थालेका हुन् ।

नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको गत आर्थिक वर्ष २०७७/७८ को १० महिना (गत साउनदेखि जेठ मसान्तसम्म) को तथ्याङ्कअनुसार गत वैशाखको तुलनामा जेठमा प्रयोगकर्ता घटेको पाइएको हो । प्राधिकरणको तथ्याङ्कअनुसार वैशाख मसान्तसम्म ७६ लाख ९७ हजार ८६३ जना फोरजीका प्रयोगकर्ता रहेकामा जेठमा ७६ लाख ६४ हजार ४५९ पुगेको छ । गत वैशाखको तुलनामा जेठमा ३३ हजार ५०४ जनाले कमी आएको छ । नेपालमा तीन दूरसञ्चार सेवा कम्पनीले फोरजी सेवा सञ्चालन गरेका छन् । तीन कम्पनीमध्येमा सबैभन्दा धेरै ग्राहक एनसेलको छ । दश महिनामा सो कम्पनीका फोरजीका ग्राहक ४८ लाख पाँच हजार पुगेको छ । गत चैत महिनामा ५० लाख १७ हजार १७० रहेको जनाइएको छ ।

सरकारी स्वामित्वमा सञ्चालित नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) नेपाल टेलिकमले २१ हजार बढी फोरजी प्रयोगकर्ता थपेको छ । वैशाखसम्म टेलिकमसँग २६ लाख ८६ हजार प्रयोगकर्ता रहेकामा जेठ महिनामा २७ लाख सात हजार ४२९ पुऱ्याएको प्राधिकरणले जनाएको छ । यसैगरी स्मार्ट टेलिकमका फोरजी प्रयोगकर्ता एक लाख ५१ हजार ७१५ पुगेको छ ।

गत वैशाखसम्म स्मार्टका प्रयोगकर्ता दुई लाख छ हजार ३९३ जना रहेका थिए । स्मार्ट टेलिकमका फोरजीका मात्र ग्राहक रहेका छन् ।

# हट्ने भयो मध्यपहाडी राजमार्गमा हिलो र धुलो

– कृष्ण दबाडी
कास्की, १४ साउन

माछापुच्छ्रे गाउँपालिका–७ धम्पुसका बैकुण्ठ भण्डारी पोखरा आवतजावत गर्न हिलो र धुलोले गर्दा राजमार्गको बाटो छाडेर सराङकोटको फेरो घुम्ने गर्नुहुन्थ्यो । यसरी घुम्नुपर्दा आधा घण्टाभन्दा कमको बाटोमा उहाँलाई पोखरा पुग्न एक घण्टाभन्दा बढी लाग्थ्यो ।

घरमुनिको निर्माणाधीन राष्ट्रिय गौरवको पुष्पलाल (मध्यपहाडी) राजमार्गमा बर्खामा हिलो र हिउँदमा धुलोको समस्याका कारण उहाँले तीन वर्ष दैनिक सिधा बाटो छाडेर सराङकोटको फेरो घुम्नुभएको हो । पोखरा–बाग्लुङ (भूपि शेरचन) राजमार्ग स्तरोन्नति गरी मध्यपहाडी राजमार्गका रूपमा विस्तार गर्ने भन्दै दुई लेनको पक्की सडक भत्काइएको थियो । भत्काइएको सडक पुनःनिर्माणमा विलम्ब हुँदा जिल्लाको पश्चिमी भेगसहित साविकको धवलागिरिका पर्वत, बाग्लुङ, म्याग्दी र मुस्ताङका नागरिक हण्डर र सास्ती खेप्न बाध्य थिए । फराकिलो पारिएको सडक जीर्ण र बर्खायाममा हिलाम्मे हुन्थ्यो । साविकको दुई लेन फराकिलो बढाएर छ लेन (३० मिटर फराकिलो) सडक बनाउने योजना रहे पनि भत्काइएका स्थानमा लामो समय काम अघि बढेको थिएन । अहिले भने सडक निर्माण सम्पन्न हुने लाग्दा सहज भएको छ । फराकिलो र चिल्लो सडकले आवतजावत सहज मात्र बनेको छैन, सुन्दरतासमेत थपेको छ ।

“हामीले पूरै तीन वर्षसम्म राजमार्गको यात्रा गरेनौं । पानी परेपछि हिलोले साना सवारी साधन चलाउन सक्ने अवस्था हुँदैनथ्यो, ठूला सवारी साधनसमेत हिलोमा फस्दा घण्टौँ जाम हुन्थ्यो”, भण्डारीले भन्नुभयो, “अहिले भने सहजरूपमा यात्रा गर्न पाइएको छ, हिलो र धुलोको चिन्ता छैन ।”

उक्त राजमार्गको पश्चिम खण्डअन्तर्गत याम्दीबाट कास्की–पर्वत सिमानाको नयाँपुलसम्म ३७ किमीमध्ये घट्टेखोला–नयाँपुलको २५ किमी सडक पूरै तयार भएको छ । यसैगरी पोखरा महानगरपालिका–२५ याम्दीबाट घट्टेखोलासम्मको १२ किमी सडकको अधिकांश स्थानमा कालोपत्र सकिएर निर्माण अन्तिम चरणमा पुगेपछि चालक र यात्रुमा खुशी छाएको छ । गत आर्थिक वर्षमै सम्पन्न गर्ने लक्ष्यसहित याम्दी–घट्टेखोला खण्डमा काम भइरहेकामा कोरोना भाइरसको महामारी र छिटो मनसुन शुरु भएकाले निर्धारित समयमा हुन सकेको थिएन । याम्दीबाट सुइखेतसम्म छ किमी र सुइखेतबाट घट्टेखोला छ किमी २०० मिटर सडक दुई खण्डमा गरी ठेक्का सम्झौता भएकामा समग्रमा हालसम्म ९० प्रतिशत काम सम्पन्न भएको आयोजनाका इञ्जिनियर अनन्त बरालले बताउनुभयो । उहाँका अनुसार बर्खा शुरु भएकाले हाल आयोजनाको काम बन्द भएको र पानी पर्न रोकिएपछि असोजदेखि पुनः शुरु भएर आगामी मङ्सिर भित्रमा सम्पन्न हुनेछ । “गत आवको असारभित्रमा आयोजनाको सबै काम सम्पन्न गर्ने लक्ष्य थियो”, इञ्जिनियर बरालले भन्नुभयो, “तराईका जिल्लामा लकडाउनका कारण गरिएको कडाइले निर्माण सामग्री र विटुमिन समयमै ल्याउन सकिएन, यस वर्ष अर्ली मनसुनका कारणबाट पनि आयोजनाले निर्धारित समयमा पूर्णता पाउन सकेन ।” याम्दी–सुइखेत खण्डमा सडक कालोपत्रको काम सकिएको छ ।

सडकमा साइनबोर्ड, मेडियन (डिभाइडर)मा पिसिसी, रोड मार्किङ र पेन्टिङको काम बाँकी छ । सइखेत–घट्टेखोलामा दुई किमी सडक कालोपत्र गर्न बाँकी छ । घट्टेखोला नयाँ पुलसम्मको पक्की सडक केही महिनाअघि नै सकिएको थियो । हाल केही ठाउँमा बर्खाका कारणले सडक भत्किए पनि डिएलपी (डिफेक्ट लियाविलिट पिरियड) आगामी एक वर्षसम्म रहेकाले मर्मतको जिम्मा निर्माण कम्पनीको रहने बताइन्छ । आगामी वर्षमात्र सो सडक निर्माण कम्पनीले आयोजनालाई हस्तान्तरण गर्नेछ ।

विद्युत् प्राधिकरण र खानेपानी संस्थानसँग समन्वय नहुँदा विद्युत्का खम्बा र खानेपानी पाइप समयमै स्थानान्तरण गर्न नसकिएको र पहिलो चरणको कोरोना महामारी रोक्न लागू गरिएको निषेधाज्ञालगायत कारण देखाई आयोजनाको म्याद पटक–पटक थप गरिएको थियो ।

कोरोनाकै कारण पछिल्लोपटक पनि सरकारले समयमै सम्पन्न हुन नसकेका आयोजनाको म्याद थप गर्ने योजना बजेटमै उल्लेख गरेकाले म्याद थप हुने आयोजनाले जनाएको छ ।

आयोजनाले याम्दी–सुइखेत खण्ड निर्माणका लागि विसं २०७४ भदौमा स्वच्छन्द इलाइट जेभीसँग रु ९८ करोड ७९ लाख ६१ हजार ४१५ मा र सुइखेत–घट्टेखोला खण्ड शर्मा एण्ड कम्पनीसँग रु ९८ करोड १२ लाख ५० हजार ५२९को लागतमा ठेक्का सम्झौता गरेको थियो । घट्टेखोला–नयाँपुलसम्मको ठेक्का दिवा एपेक्स कन्स्ट्रक्शनले पाएको थियो । यसको लागत रु ९६ करोड ७४ लाख ११ हजार १०७ थियो ।

# जनप्रतिनिधिले नै रोपे सडकमा कोदो

–दीपक श्रेष्ठ
गोरखा, १४ साउन

सडक निर्माणलाई छिटो सम्पन्न गर्न माग गर्दै गोरखा आरुघाट–सडकखण्डमा जनप्रतिनिधिसहितका स्थानीयवासीले हिलाम्मे सडकमा कोदो रोपेका छन् । ठेकेदारको चरम लापरवाहीका कारण लामो समयदेखि सो सडकखण्डको काम अवरुद्ध छ ।

गोरखा नगरपालिका–४ का वडाध्यक्ष रामशरण अधिकारीले हिलाम्मे सडकमा कोदो रोपेको जानकारी दिनुभयो । डुङ्गागाडे मोडमा वर्षौंदेखि सडक निर्माण अलपत्र हुँदा बर्खाका बेला यात्रुहरू हिलाम्मे र हिउँदमा धुलाम्मे हुनुपर्ने बाध्यता छ । गोरखा–४ र ८ को बीचमा पर्ने डुङ्गागाडे मोडमा नगरपालिकाभित्रका वडा नं १, २, ४ र ८ का वडाध्यक्ष सहितका जनप्रतिनिधि भेला भएर कोदो रोपाइँ गरेको उहाँले बताउनुभयो ।

“नगरपालिकाभित्रै मूल सडकमा अहिले एम्बुलेन्ससम्म पनि गुड्न सक्ने अवस्था छैन”, उहाँले भन्नुभयो, “ठूला सवारी साधानसमेत घण्टौँ फस्ने गरेका छन्, अझै कति समय नागरिकले हैरानी खेप्नुपर्ने हो थाहा छैन ।” ठेकेदार कम्पनीलाई पटक–पटक सडक छिटो निर्माण गर्न दबाब दिएको भए पनि चासो नदिएको उहाँले बताउनुभयो । बाँनिया कन्स्ट्रक्शन निर्माण सेवा हटौँडाले उक्त सडकखण्ड कालोपत्रको ठेक्का लिएको छ । यहाँको दोस्रो ठूलो व्यापरिक केन्द्र आरुघाट बजारसम्म जोडिने मूल सडक भएकाले पूर्वाधार विकास कार्यालयले बर्खाका बेला कम्तीमा एकलेन चल्ने सक्ने अवस्थामा बाह्रै महिना सवारी आवागमनमा कुनै समस्या नहुने गरी काम सक्न ठेकेदार कम्पनीलाई निर्देशन दिए पनि अटेरी गरेको कार्यालयका इञ्जिनियर गणेश सुवेदीले जानकारी दिनुभयो ।

“सडक निर्माणका जिम्मा लिएपछि निर्माण कम्पनीले नियमित सवारी चल्ने अवस्थामा सडकलाई राख्नुपर्छ”, उहाँले भन्नुभयो, “यसका लागि कार्यालयले बारम्बार लिखित तथा मौखिकरूपमा ठेकेदार कम्पनीलाई त्यहीअनुसारको निर्देशन दिएका छौँ, तर उनीहरूले हेलचक्र्याइँ गरिरहेका छन् ।” जनप्रतिनिधि र स्थानीयवासीले कोदो रोपाइँ गरेको स्थानमा बर्खामा एक लेन मात्र पनि ढलान गरेर सक्न कार्यालयले निर्देशन दिएको भए पनि ठेकेदारले अटेरी गरेको उहाँले बताउनुभयो ।

ठेकेदारले निर्माण सामग्रीको अभाव देखाउने गरेको इञ्जिनियर सुवेदीको भनाइ छ । करिब रु आठ करोड ५० लाखको लगानीमा गोरखा सदरमुकामस्थित हस्पिटलचोकबाट आहाले फिनाम लाकुरीबोटसम्म ४.६ किलोमिटर सडक निर्माणको बाँनिया कन्स्ट्रक्शनले पाएको छ । ठेकेदारको लापरवाहीका कारण अहिले थोरै वर्षा हुनेबित्तिकै साना तथा ठूला सवारीलाई चल्न सक्दैनन् । दैनिक दर्जनौँ सवारी साधन र यात्रुले हैरानी खेप्नुपरेको भए पनि स्थानीय जनप्रतिनिधिले चासो नलिएको जनाउँदै सर्वसाधारण र यात्रुहरूले चर्को विरोध गरेपछि जनप्रतिनिधिले विरोधस्वरुप ठेकेदार कम्पनी र आयोजना कार्यालयको ध्यानकर्षण गराउन कोदो रोपाइँ गरेको वडाध्यक्ष अधिकारीको भनाइ छ । उहाँले सडकमा तत्काल सवारी चल्ने अवस्था नरहे आफूहरू धर्नामा बस्न बाध्य हुने बताउनुभयो ।

# काठेखोलामा निर्माणाधीन खानेपानी आयोजना अलपत्र

–खेमराज गौतम
बागलुङ, १४ साउन

बागलुङ नगरपालिका–३ काठेखोलामा निर्माणाधीन खानेपानी आयोजना अलपत्र परेको छ ।

काठेखोलाबाट लिफ्ट गरेर सञ्चालन गर्ने गरी काम शुरु भएको जिल्लाकै ठूलो लिफ्ट खानेपानी आयोजना अलपत्र परेको हो । आयोजना पूरा नहुँदा बागलुङ नगरपालिकामा खानेपानीको हाहाकार छ । दुई वर्षमा सक्ने गरी निर्माण शुरु भएको यो आयोजना तीन वर्ष बित्दासमेत आधा मात्रै काम सकिएको छ । बागलुङ नगरपालिकामा २४ सै घण्टा शुद्ध खानेपानी वितरण गर्ने उद्देश्यले खानेपानी तथा ढल व्यवस्थापन विभाग र स्थानीय साझेदारीमा शुरु गरिएको आयोजना तीन वर्षदेखि अलपत्र छ । दुई वर्षमा सम्पन्न गर्ने गरी विसं २०७५ असार ३१ गते रु ३२ करोड २५ लाखको लागतमा कन्काइ जयमाता जेवीले ठेक्का सम्झौता गरी निर्माण थालिएको आयोजनाको काम तीन वर्ष बित्दासमेत सकिएको छैन ।

यही गतिमा आयोजना बढेमा अझै एक वर्षमा समेत काठेखोलाको पानी बागलुङ बजारमा नआउने निश्चित भएको स्थानीयवासीको भनाइ छ ।

अहिले थोरै कामदारले आयोजनाको काम गरिरहेका छन् । ७० प्रतिशत नेपाल सरकार र ३० प्रतिशत स्थानीय श्रमदानबाट शुरु गरिएको आयोजनाको मुख्य काम प्रशोधन केन्द्र, पानी तान्ने मुख्य पाइप र विद्युतीकरणको काम अझै बाँकी छ । काठेखोलाको पानी तान्ने पाँच वटा समवेयल, आयोजना स्थलको पूर्वाधार तथा खानेपानी सङ्कलन ट्याङ्की निर्माण भइसकेको बागलुङ नगर खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका प्रवन्धक हिमाल शर्माले जानकारी दिनुभयो । ‘दुई वर्षमा सकिने आयोजना तीन वर्षमा सकिएन, कोरोनाका कारण छ महिनाको म्याद थप गराउने तयारीमा छौँ’, उहाँले भन्नुभयो, ‘भौगोलिक जटिलताका कारण आयोजना निर्माणमा ढिलाइ भएको छ ।’ प्राकृतिक प्रकोप र बाढीपहिराका कारण आयोजनामा ठूलो क्षति हुँदा समस्या भएको बताउँदै उहाँले आगामी ६ महिनामा आयोजनाको काम अन्तिम चरणमा पुग्नेछ भन्नुभयो । बागलुङ बजारमा काठेखोला गाउँपालिकाको रशेह, भूदी र रिठेखोलाको पानी वितरण हुँदै आएको छ । नगरपालिकाको जनसङ्ख्या वृद्धि भएपछि खानेपानीको समस्या बढ्दै जाँदा काठेखोलाको पानी लिफ्टमार्फत तानेर प्रशोधन गरी वितरण गर्ने उद्देश्य यस आयोजनाको छ । आयोजना स्थलमा सुरक्षित ड्याम तथा पहिरो संरक्षणका लागि थप रु. छ करोड लाग्ने अनुमान खानेपानी आयोजनाको छ । भौगोलिक रुपमा अध्ययन गर्दा केही त्रुटी भएकाले उक्त स्थानमा खानेपानी आयोजना बन्नेमै आशङ्का रहेको स्थानीयवासीको गुनासो छ । आयोजना निर्माण स्थलभन्दा माथि रहेको बागलुङ बजारको बस्ती चर्किने, भासिने तथा पहिरो जाने भइरहेको छ ।

यस लिफ्ट खानेपानी आयोजनाका कारण यतिबेला बागलुङ बजारका एक दर्जन घर पहिराको उच्च जोखिममा परेको बागलुङ नगरपालिका–३ का वडाध्यक्ष लक्ष्मी बाँस्कोटाले बताउनुभयो । नगरपालिकाको १, २, ३ नम्बर वडाका बासिन्दालाई खानेपानी पुऱ्याउने उद्देश्यले शुरु गरिएको यस आयोजनाको म्याद दुई पटकसम्म थपिँदा समेत निर्माण सम्पन्न हुन नसक्नु ज्यादै दुःखद भएको स्थानीयवासी नारायण श्रेष्ठको भनाइ छ । भौगोलिक अवस्थाका कारण आयोजना स्थलसम्म मेसिन, औजार लैजान समस्या परेको र पटक–पटकको पहिराका कारण आयोजना निर्माणमा ढिलाइ भएको कन्काई जयमाता जेभीका इञ्जिनियर विक्रम अधिकारीले जानकारी दिनुभयो । ‘आयोजना समयमै सक्नुपर्ने हाम्रो अधिकतम प्रयास थियो, आयोजना ढिलो गरी सम्पन्न हुँदा कम्पनीलाई घाटा हुन्छ, आयोजना स्थलमा आएको पहिरोका कारण ठूलो नोक्सानी भएको छ हामीले सम्झौताभन्दा माथि गरेको निर्माणको थप रकम माग समेत गर्दै आएका छौँ’, उहाँले भन्नुभयो, ‘आगामी एक वर्षमा आयोजनाको निर्माण सम्पन्न गरिने हाम्रो लक्ष्य छ ।’ अहिले ठूला निर्माणको काम सकिएको र पहिरो रोकथामका लागि समेत काम भइरहेकाले आयोजनाले थप गति लिने उहाँको भनाइ छ । उहाँका अनुसार आयोजनाको समग्र प्रगति ६४ प्रतिशत छ । बागलुङ बजारमा खानेपानीको माग प्रतिसेकेण्ड ४० लिटर रहेकोमा अहिले प्रतिसेकेण्ड ३० लिटर मात्रै खानेपानी आपूर्ति हुँदै आएको छ । आयोजनाको निर्माण सम्पन्न भएपछि प्रतिसेकेण्ड ७० लिटर खानेपानी आपूर्ति हुने बताइएको छ ।

# चितुवाको आक्रमणबाट क्षति भएकालाई राहत

पोखरापत्र संवाददाता
दमौली, १४ साउन

चितुवाको आक्रमणबाट क्षति भएका पीडित परिवारलाई रु १६ लाखभन्दा बढी राहत रकम वितरण गरिएको छ ।

आर्थिक वर्ष ०७७/७८ को अवधिमा तनहुँ जिल्लाका विभिन्न भागमा चितुवाको आक्रमणबाट क्षति भएका पीडित परिवारलाई डिभिजन वन कार्यालय तनहुँले रु १६ लाख ५९ हजार १०४ राहत रकम वितरण गरेको हो ।

गत आवमा चितुवाको आक्रमणबाट एक जना बालकको मृत्यु भएको थियो । शुक्लागण्डकी नगरपालिका–२ मसारका ११ महिनाका बालक नारायण रानाको चितुवाको आक्रमणबाट मृत्यु भएपछि कार्यालयले पीडित परिवारलाई रु १० लाख उपलब्ध गराएको डिभिजन वन प्रमुख कोमलराज काफ्लेले जानकारी दिनुभयो । नेपाल सरकार वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत वन्यजन्तुको क्षतिको राहत निर्देशिका, २०६९ (संशोधित २०७५) बमोजिम वन्यजन्तुको आक्रमणमा परी सामान्य घाइते भएमा रु ५० हजारसम्म, गम्भीर घाइते भएमा दुई लाखसम्म र मृत्यु भएमा अधिकतम रु १० लाखसम्म उपलब्ध गराउने व्यवस्था छ ।

त्यस्तै उक्त अवधिमा जिल्लाका विभिन्न ठाउँमा चितुवाको आक्रमणबाट गाई, भैँसी, सुँगुर/बङ्गुर, बाख्रा/भेडाको मृत्यु भएको थियो । क्षतिको मूल्याङ्कन गरी कार्यालयले पीडितलाई राहत वितरण गरेको छ । रु २१ लाख ८६ हजार ७०४ को क्षति मूल्याङ्कन गरिएकामा रु १६ लाख ५९ हजार १०४ वितरण गरिएको कार्यालयका सहायक वन अधिकृत काशीराज पण्डितले जानकारी दिनुभयो ।

चितुवाको आक्रमणबाट तीन गाई मृत्युबापत रु १८ हजार, एक भैँसी मृत्युबापत रु पाँच हजार, चार सुँगुर/बङ्गुर मृत्युबापत रु २६ हजार र ५९ बाख्रा/भेडा मृत्युबापत रु चार लाख राहत प्रदान गरिएको छ । त्यस्तै चितुवाको आक्रमणबाट तीन जना घाइते भएकामा रु दुई लाख १० हजार १०४ राहत दिइएको पण्डितले बताउनुभयो ।

# बागलुङमा खोप अभियान स्थगित

पोखरापत्र संवाददाता
बागलुङ, १४ साउन

बागलुङमा खोप अभियान स्थगन गरिएको छ । बागलुङमा जारी कोरोनाविरुद्धको खोप अभियानमा पहुँचवालाले अनावश्यक दबाब र दुरुपयोग गरेको व्यापक गुनासो पछि खोप अभियानस्थल केन्द्रको निर्देशनमा स्थगन भएको छ ।

खोपका लागि लक्षित वर्ग नतोकेका कारण मन्त्रालयको निर्देशन नआउँदा सम्मका लागि स्थगित गरिएको स्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर राजु खत्रीले जानकारी दिनुभयो । सरकारले लक्षित वर्गलाई खोप लगाउनका लागि दिएको निर्देशनअनुसार बागलुङमा खोप लगाइसकिएको र अब माथिबाट निर्देशन नआउँदासम्मका लागि स्थगित भएको उहाँको भनाइ छ । सरकारले तोकेको लक्षित वर्ग छुटेको भए ती व्यक्तिलाई भने खोप लगाइने खत्रीले बताउनुभयो । सरकारले लक्षित गरेका करिब सबै नागरिकले खोप पाइसकेको र अर्को लक्षित वर्ग तोकी नसकेकाले खोप लगाउन नसकिएको उहाँले बताउनुभयो ।

बागलुङमा अझै करिब १४ हजार डोज बाँकी छ । सरकारले अब बाँकी रहेको खोप कुन वर्गलाई दिने भनेर निर्णय गरिनसकेको उहाँको भनाइ छ । सरकारबाट नयाँ लक्षित वर्ग तोकिएपछि मात्रै खोप अभियानलाई अगाडि बढाइने छ । बागलुङमा अहिलेसम्म कोभिशिल्ड, भेरोसेल र जोन्सन एण्ड जोन्सन खोप लगाइएको स्वास्थ्य कार्यालय बागलुङले जनाएको छ । हालसम्म जिल्लामा ५१ हजार ४८७ ले खोप लगाएको स्वास्थ्य कार्यालयको तथ्याङ्क छ । जिल्लामा जोन्सन एण्ड जोन्सन ११ हजारभन्दा बढी, भेरोसेल २२ हजार र कोभिशिल्ड १४ हजार ६४० ले लगाएको सुपरभाइजर खत्रीले जानकारी दिनुभयो ।

# गाउँपालिका जाने सडक २० दिनपछि खुल्यो

पोखरापत्र संवाददाता
दमौली, १४ साउन

तनहुँको ऋषिङ गाउँपालिका जाने मुख्य सडक २० दिनपछि पूर्ण रुपमा सुचारु भएको छ ।

गत असार २४ गते आएको पहिराले अवरुद्ध भएको श्रृङ्गपथ आजबाट पूर्ण रुपमा सञ्चालनमा आएको हो ।

पहिराको कारण उक्त सडकखण्डको ऋषिङ गाउँपालिका–८ अँपरीभिर पूर्ण रुपमा बन्द थियो । पहिरो हटाएर उक्त खण्ड नियमित गरिएको गाउँपालिकाका प्रवक्ता विजय दरैले जानकारी दिनुभयो । गाउँपालिका जाने मुख्य सडकखण्ड पहिराले अवरुद्ध हुँदा सर्वसाधारणलाई सास्ती हुँदै आएको थियो ।

‘गाउँपालिकाकै पहलमा आजबाट पहिरा हटाई ठूला सवारी साधनसमेत सञ्चालन भइसकेको छ, ठूलो पहिरा भएका कारण पूर्ण रुपमा सुचारु गराउन समय लाग्यो’, दरैले भन्नुभयो । उक्त खण्ड पहिराले अवरुद्ध हुँदा फ्पाछुटार हुँदै सर्वसाधारण गाउँपालिकासम्म जानुपर्ने बाध्यता थियो ।

असारमा आएको पहिराले जिल्लाको अधिकांश ग्रामीण भेगका सडक अवरुद्ध भएका थिए । अधिकांश स्थानमा पहिरा हटाएर बाटो नियमित भएको छ भने अझै पनि केही ठाउँमा पहिरो हटाउन बाँकी छ ।

# खिर खाएर साउन १५ मनाइँदै

रासस
काठमाडौं, १४ साउन

साउन १५ गते आज नेपाली समाजमा खिर खाएर मनाइँदै छ । वर्षा ऋतुका बेला असार १५ गते दही, च्युरा र साउन १५ मा खिर खाने प्राचीनकालदेखिको नेपाली परम्परा छ । साउने झरी पर्ने बेलामा तातो खिरले स्वास्थ्यलाई राम्रो गर्ने भएकाले खिर खाने गरिएको हो । दूधमा मरमसलालगायत चिजबिज हालेर बनाइने खिरले स्वास्थ्यमा राम्रो गर्ने भएकाले यसको परम्परा बसेको विश्वास गरिन्छ ।

संस्कृत भाषामा पायस भनिने खिर सात्विक आहारमध्येमा उत्तम मानिने भएकाले पितृ एवं देव कार्यमा पनि यसलाई महत्वपूर्ण वस्तुका रुपमा वैदिक शास्त्रमा वर्णन गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतमले बताउनुभयो । साउन महिनामा गाउँघरमा पनि खेतीपातीको काम सकिन्छ । हरियाली बढी हुने भएकाले घाँस बढी पाइन्छ । राम्रा धेरै घाँस पाइने बेलामा गाई, भैँसीले पनि धेरै दूध दिन्छन् । दूध धेरै भएपछि इष्टमित्र, चेलबेटीलाई घरमा बोलाएर खिर खाने चलन चलेको हो ।

साउन भगवान् शिवको महिना हो । शिवलाई दूध र दूधमा बनेका परिकार मनपर्ने भएकाले खिरलगायत मिठाइ विधिपूर्वक चढाइन्छ । यसैले गर्दा साउनको मध्य पारेर खिर खाने प्रचलन चलेको हुनसक्ने धर्मशास्त्रविद् गौतमले बताउनुभयो । तर यसको कुनै शास्त्रीय वचन भने छैन । ऋषिमुनिको पालादेखि नै श्राद्धलगायत पितृ कार्यमा निमन्त्रणा गरिएका ब्राह्मणलाई पायस अर्थात् खिर खुवाउने गरिएको थियो । अहिले पनि वैदिक सनातन धर्मावलम्बीले श्राद्धका दिन अनिवार्यरुपमा गाईको दूधमा पायस अर्थात् खिर बनाउँछन् ।

चामल, सावधाना, सेवइ, मकै, गाजरलगायतको खिर बनाउने गरिन्छ । सावधानालाई फलफूलकै वर्गमा राखिन्छ । यसैगरी साउन महिनामा हरियो मकै धेरै पाइने भएकाले मकैको खिरसमेत बनाएर खाने चलन छ । खिर खाँदा देवतालाई चढाएर खानुपर्छ भन्ने धार्मिक विश्वास रही आएको छ । नेपाली बृहत् शब्दकोशले ‘दूधमा पकाइएको भात, दूधमा चामल, चिनी, मसला आदि हाली पकाइएको स्वादिष्ट खाद्य पदार्थ, पायस, तस्मै’ भनी खिरलाई परिभाषित गरिएको छ । नेपाली समाजमा असार १५ गते दही, च्यूरा, साउन १५ गते खिर, भदौ १५ गते पोलेको मकै, पुस १५ गते घिउ खट्टे, माघ १५ गते मालपुवालगायत चिजबिज बनाएर इष्टमित्र एवं छोरी चेलीलाई बोलाएर खुवाउने र आफू पनि खाने लौकिक चलन रही आएको छ । कोरोना महामारी चलेका बेला दूधबाट बनेको खिरले मानव शरीरमा रोग प्रतिरोधी क्षमता विकास गर्ने राष्ट्रिय दुग्ध विकास बोर्डले जनाएको छ । बोर्डको गत वर्ष फागुन १५ गते बसेको बैठकले साउन १५ लाई खिर खाने दिन अर्थात् खिर दिवसका रुपमा मनाउने निर्णय गरेको थियो । नेपालको खाद्य नियमावलीअनुसार मानक प्रशोधित दूधमा हुने तीन प्रतिशत चिल्लो, ४.७ प्रतिशत ल्याक्टोज र ३.५ प्रतिशत प्रोटिनको गणना गर्दा प्रति १०० ग्राम प्रशोधित दूधबाट ६० प्रतिशत क्यालोरी शक्ति प्राप्त हुने बोर्डले जनाएको छ ।